## सुनसरी भन्सार कार्यालय, सेतुबन्ध

मितिः- २०८२।१०।०८

विषयः लिलाम बढाबढ सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना ।

रामराज प्रसाद चौरसिया
का.मु. प्रमुख भन्सार अधिकृत

विभिन्न निकायहरुको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी वारिसे/बेवारिसे भएको तपसीलमा उल्लेखित भन्सार चोरी निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दाखिला हुन आएको तपसीलमा उल्लेखित एकमुष्ट जम्मा मूल्य रु.१२५४४९०.०० (अक्षेरुपी रु. बाह्र लाख चौवन्न हजार चार सय नब्बे मात्र ।) को मालवस्तु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा मिति २०८२।११।२२ गते शुक्रबारका दिन दिनको १३:०० बजेदेखि १५:०० बजेसम्म खुल्ला बोलकबोल प्रकृया अनुसार यस कार्यालयको मुद्दा शाखाबाट लिलाम बिक्री गरिने भएकाले ईच्छुक सबै फर्म, कम्पनी तथा संस्थालाई लिलामी प्रकृयामा सहभागी हुन भन्सार ऐन, २०८२ को दफा ९२ तथा भन्सार नियमावली २०६४ को नियम ३५(२) बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । डांक कबोल गर्नेले कबोल गर्नु अघावै लिलामी रकमको दश प्रतिशत हुने रकम धरौटी बापत दाखिला गर्नुपर्नेछ । लिलाम स्विकृत भएको मालवस्तु ७ (सात) दिनभित्र लाग्ने सम्पूर्ण कर तथा महशुल दाखिला गरी मालवस्तु उठाई लैजानु पर्नेछ । लिलाम स्विकृत भएका बोलकबोलकर्ताले मालवस्तु उठाई नलगेमा निजको धरौटी रकम जफत गरी क्रमश: दोस्रो, तेस्रो र चौथ बोलकबोलकर्ताले बोलकबोल अङ्क स्विकृत गर्न सकिनेछ । लिलाम बिक्री हुने मालवस्तु हेर्न चाहनेले कार्यालयको समयभित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राखी हेर्न सकेछ । लिलाम स्विकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

तपसिल

| सि.नं. | मुद्दा नं. / मिति | प्रतिवेदक निकाय | मालवस्तुको विवरण | प्रतिवेदन मुल्य |
|---|---|---|---|---|
| १ | ०२/२०८२.०४.०४ | अस्थायी प्रहरी चौकी हरिपुर, सुनसरी । | फ्लेवर ४९ बटा । | १२२५०.०० |
| २ | २७९/२०८२.१०.०६ | स.प्र.ब.नेपाल (प्र.) सीमा सुरक्षा गुल्म, हरिपुर। | साडी ५० बटा । | ४५०००.०० |
| ३ | २८१/२०८२.१०.०७ | स.प्र.ब.नेपाल, बि.ओ.पि. साहेबगञ्ज, सुनसरी । | कुर्ता सुरुवाल ४ बटा, सर्ट पेण्ट कपडा (ठूलो) ४ बटा र सर्ट पेण्ट कपडा (सानो) २ बटा । | १४०००.०० |
| ४ | २८७/२०८२.१०.१३ | स.प्र.ब.नेपाल, सीमा सुरक्षा गुल्म हरिपुर, सुनसरी । | साडी ५० बटा। | ४५०००.०० |
| ५ | २८९/२०८२.१०.१५ | स.प्र.ब.नेपाल, बि.ओ.पि. श्रीपुर, सुनसरी । | सेफन साडी ५० बटा । | ४५०००.०० |
| ६ | २९०/२०८२.१०.१८ | स.प्र.ब.नेपाल, बि.ओ.पि. लौकही, सुनसरी । | साडी ६५ बटा । | ५८५००.०० |
| ७ | २९१/२०८२.१०.१८ | जिल्ला प्रहरी कार्यालय, इनरुवा, सुनसरी । | सेण्डो १०८ बटा, अण्डरवेयर ९० बटा र मोजा ३६० जोर। | २२१४०.०० |
| ८ | २९७/२०८२.१०.२५ | जिल्ला प्रहरी कार्यालय, इनरुवा, सुनसरी । | अण्डरवेयर ५२६ बटा, मोजा ९२४ जोर, सेतो सेण्डो भेष्ट २१० बटा, सेतो सुरुवाल ४ बटा, कुर्थी ४ बटा, कुर्ता सुरुवाल ३०४ बटा, चोलो कपडा ११२ मिटर, हुक्का फ्लेवर (६ कार्टुन) ८५ किलो, जुत्ता २ जोर र म्याक्सी ४ बटा। | ३७८३००.०० |
| ९ | २९९/२०८२.१०.२७ | स.प्र.ब.,नेपाल सी.सु.गु. हेड क्वाटर कप्तानगञ्ज, सुनसरी । | कुर्ती ६३९ बटा । | ५१७०००.०० |
| १० | ३०१/२०८२.१०.२८ | स.प्र.ब.नेपाल, नं. ४ हेड क्वाटर, सुनसरी । | कुर्ता सुरुवाल १४३ बटा, सल १० बटा, सुती साडी ५२ बटा र बुट्टावाल साडी २५ बटा। | १०१३००.०० |
| ११ | ३०३/२०८२.१०.२९ | स.प्र.ब.नेपाल, बि.ओ.पि. अमडुवा । | कुर्ता सुरुवाल १० बटा, सुरुवाल १० बटा र साडी १८ बटा। | १६०००.०० |
| | | | जम्मा :- | १२५४४९०.०० |